# प्रजनन् राँगो/बोका वितरण कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९/०९/२५ गते**

**पृष्ठभूमि :**

कृषकहरुले पालन गरेका पशुहरुको नश्ल सुधार हुने उद्देश्यले प्रजनन् राँगो/बोका वितरण कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न चौतारा साँगाचोकगढी नगरपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

**परिच्छेद -१**

**प्रारम्भिक :**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "प्रजनन् राँगो/बोका वितरण कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि चौतारा साँगाचोकगढी नगरपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्नेछ ।

ख) "शाखा" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ग) "कार्यविधि" भन्नाले "प्रजनन् राँगो/बोका वितरण कार्यविधि २०७९" सम्झनु पर्नेछ ।

**३. उद्देश्यहरु :**

क) किसानहरुले पालन गरेको पशुहरुको नश्ल सुधार गरी उत्पादन वृद्धि गर्ने ।

ख) किसानहरुले पालन गरेको पशुहरु प्रजनन् गराउने समस्या समाधान गर्ने ।

ग) वंश सुधार गरी हाडनाता प्रजनन् रोक्ने ।

घ) नगरपालिकामा पशुपालन गर्न प्रोत्साहन गरी उत्पादन वृद्धि गर्ने ।

**४. कार्यक्रम संचालन हुने स्थानहरु :**

क) चौतारा साँगाचोकगढी नगरपालिका अर्न्तगत आवश्यक वडाहरु ।

**५. कार्यक्रमको अवधि :**

यो कार्यक्रमको अवधि १ बर्षको हुनेछ र आवश्यकता अनुसार विस्तार गर्दै लान सकिनेछ ।

**६. कार्यक्रम संचालन प्रकृया :**

(क) कार्यक्रम संचालनको लागि आवश्यक स्थानहरुमा समिति मार्फत वा नगरपालिका आफैंले भाले पशु उपलब्ध गराउने छ ।

(ख) प्रति प्रजनन् पशु खरिद गर्दा नगरपालिकाले ७५ प्रतिशत र कृषक स्वयमंले २५ प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ ।

ग) अनुदानमा प्राप्त गरेको राँगो/बोकाबाट प्रजनन् गराए वापत स्थानीय चलनचल्तीको शुल्क भन्दा २५ प्रतिशत कम लिई सेवा दिनुपर्नेछ।

घ) प्रजनन्को लागि राँगो/बोका प्राप्त गर्ने कृषकले कम्तीमा २ वर्ष उक्त पशु पालन गरि सेवा दिनुपर्नेछ।

**७. अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन मुल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहेको अनुगमन तथा मुल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| उप-प्रमुख | संयोजक |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| प्रशासन/योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य सचिव |

**८. थपघट वा हेरफेर गर्न सक्ने**

१. यो कार्यविधिको कार्यान्वयन थप व्यवस्थित र प्रभाबकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्याविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

२. यस कार्याविधि कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।